# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) वीरेन्द्रनगर, सुर्खेत, चैत ४ गते, २०८१ साल (संख्या २२


## भाग-३

## कर्णाली प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालयको

### सूचना

**कर्णाली प्रदेश विज्ञापन वितरण सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१**

**प्रस्तावनाः** कर्णाली प्रदेश विज्ञापन वितरण सम्बन्धी कार्यविधि, २०८१ संशोधन गर्न वाञ्छनीय भएकोले,-

कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ को दफा १२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “कर्णाली प्रदेश विज्ञापन वितरण सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१” रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **कर्णाली प्रदेश विज्ञापन वितरण सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची-२ मा संशोधनः** कर्णाली प्रदेश विज्ञापन वितरण सम्बन्धी कार्यविधि, २०८१ (यसपछि मूल कार्यविधि भनिएको) को अनूसूची-२ मा "कर्णाली प्रदेश विज्ञापन वितरण सम्बन्धी कार्यविधि, २०७९" को सट्टा "कर्णाली प्रदेश विज्ञापन वितरण सम्बन्धी कार्यविधि, २०८१" राखिएको छ।

३. **मूल कार्यविधिको अनुसूची ४ मा संशोधनः** मुल कार्यविधिको अनुसूची-४ को खण्ड (ग) को साप्ताहिक महलको 'ख' वर्ग लहरमा "२०,६४१" को सट्टा "१५,६४१" राखिएको छ।

निर्णय मितिः २०८१/१०/३०

आज्ञाले,

पुष्प राज शाही

प्रदेश सरकारको सचिव

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**

आन्तरिक मामिला तथा कानून मन्त्रालय